# फाल्गुनन्द गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
फाक्तेप, पाँचथर

फोन — अध्यक्ष ९८४२६६१२६०
उपाध्यक्ष ९८५२६८१३७२
प्रप्रअ ९८५२६८४३८४

कोशी प्रदेश, नेपाल

### आ.व. २०८०/०८१ को गाँउ निकासी शुल्क डाँक बढाबढको सूचना

**दोस्रो पटक सुचना प्रकाशन मिति : २०८०।०४।३०**

स्थानीय सरकार संचालन ऐन, २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम यस कार्यलयले लगाउन सक्ने देखिएका शुल्क सम्बन्धी आन्तरीक आय ठेक्का आ.व.२०८०/०८१ को लागि ठेक्का सम्झौता भएको मिति देखि २०८१ असार मसान्त सम्ममा गाँउ निकासी शुल्कको ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको हुँदा इच्छुक फर्म, कम्पनी र संस्था सम्बन्धित सबैमा डाँक बढाबढको लागि ७ (सात) दिनको सार्वजनिक सुचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | ठेक्काको किसिम | न्युनतम कबुल अंक वार्षिक( मु. अ. कर बाहेक) | फाराम खरिद दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|
| १-२०८०/०८१ | गाँउ निकासी शुल्क | रु ९,५०,०००।०० (अक्षरेपी नौ लाख पचास हजार मात्र) | रु १०००।०० | कबुल अंकको कम्तिमा ५ प्रतिशत |

१. डाँक बढाबडको लागि फाराम खरिद गर्न रु १०००।- अक्षरेपि (रु एक हजार) बुझाई प्रचलित नेपालको कानुन बमोजिम दर्ता भइ प्रमाण पत्र लिइएका फर्म, कम्पनी/संस्थाले आ.व.२०८०/०८१ (२०८१ असार मसान्त) सम्मको नबिकरण भएको प्रमाण पत्र, मुल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी समेत बुझाई यस कार्यलयबाट खरिद गर्न सकिने छ ।

२. फारम खरिद र पेश गर्ने स्थान, मिति र समय
   - क. स्थान- फाल्गुनन्द गाँउपालिका, गाउँकार्यपालिकाको कार्यालयको, फाक्तेप, पाँचथर ।
   - ख. खरिद गर्ने मिति र समय - २०८०/०५/०४ गते कार्यालय समय सम्म
   - ग. पेश गर्ने मिति र समयः २०८०/०५/०५ गते १२:०० बजे भित्र

३. सूचनामा डाँक बढाबढको लागि तोकिएको मिति र समय भन्दा पछि वा त्यस्तो सुचनामा बढाबढका लागि तोकिएको स्थानमा बाहेक अन्य कुनै स्थानमा वा फोन, हुलाक वा आकास बाणि द्वारा बोलेको डाँक उपर कुनै कारबाहि हुने छैन ।

४. डाँक बाँडफाड हुने स्थान, मिति र समय
   - ग. स्थान —फाल्गुनन्द गाँउपालिका, गाउँकार्यपालिकाको कार्यालय, फाक्तेप, पाँचथर ।
   - घ. मिति र समय - २०८०/०५/०५ गते दिनको २:०० बजे

५. डाँक बाँडफाड गर्न संस्था/कम्पनी/फर्मको व्यक्ति वा निजको प्रतिनिधि उपस्थित नभएमा बाधा पर्ने छैन। डाँक बढाबढ हुने दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट वा कार्यालय खुलेपछि सोहि समयमा हुनेछ ।

६. डाँक बढाबढको निवेदनमा ठेक्का नं., ठेक्काको नाम, फर्म/संस्था/कम्पनिको विवरण र छाप स्पष्ट उल्लेख गर्नु पर्नेछ।

७. डाँक बढाबढ गर्ने संस्थाले आफूले डाँक बोलेको अंकको कम्तिमा ५ प्रतिशत हुन आउने धरौटी रकम यस कार्यलयको धरौटी खाता नं. ग ३.१ (०६९०१४००२५००२३) मा नगद दाखिला गरेको सक्कलै बैक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट फाल्गुनन्द गाउँपालिकाको नाममा जारी भएको कम्तिमा ७५ दिन मान्य अवधि भएको बैंक जमानत पेश गर्नु पर्नेछ ।

८. ठेक्का संचालनको सिलसिलामा नेपाल सरकारलाई बुझाउनु पर्ने सम्पुर्ण कर ,दस्तुर शुल्क आदि ठेकेदार आफैले बुझाउनु पर्नेछ ।

९. यस कार्यलयबाट विगत बर्षहरुमा लगाएको ठेक्काको रकम बुझाउन बक्यौता रहेको फर्म/कम्पनि/संस्थाले डाँक बढाबढमा भाग लिन पाउने छैन ।

१०. डाँक बढाबढको कबुल रकम दुई किस्तामा बुझाउनु पर्नेछ ।

११. गाँउपालिकाले तोकेको दररेट अनुसार मात्र ठेकेदारले शुल्क उठाउनु पर्नेछ ।

१२. ठेक्का स्वीकृत पश्चात संम्झौताको लागि आफूले कबोल गरेको रकम बराबर नगदै यस कार्यलयको बैंक खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैंक बाट स्वीकृत प्राप्त बैंक बाट फाल्गुनन्द गाउँपालिकाको नाममा जारि भएको २०८१ साल श्रावण मसान्त सम्म म्याद भएको कार्यसम्पादन जमानत पेश गर्नु पर्ने छ ।

१३. यस सम्बन्धमा थप कुरा बुझ्न परेमा कार्यालयको मोवाइल नं. ९८५२६८४३८४ मा सम्पर्क गर्न सक्नु हुनेछ ।

१४. कुनै कारण देखाई वा नदेखाई डाँक बढाबड स्वीकृत गर्ने/नगर्ने वा रद्ध गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।यस सुचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा नेपालको प्रचलित कानुन बमोजिम हुनेछ।